# चन्द्रनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चन्द्रनगर, सर्लाही,
मधेस प्रदेश,नेपाल

पत्र संख्याः-२०८२/०८३ मितिः- २०८३/०२/२१

च. नं. १८५०

श्री अभिभावक ज्यूहरु

चन्द्रनगर गाउँपालिका,सर्लाही

तथा सरोकारवालाहरु (सबै)।

विषयः अनुमति प्राप्त विद्यालयमा नै विद्यार्थी भर्ना गरी अध्ययन अध्यापन गराउनु हुन ।

प्रस्तुत विषयमा अभिभावक तथा सरोकारवालाहरुबाट चन्द्रनगर गाउँपालिका अन्तर्गतका संस्थागत/ निजी विद्यालयहरुले के कति कक्षा सम्म यस कार्यालयबाट अनुमति प्राप्त गरेको हो ? भनि जिज्ञासा आएको र संगै केही संस्थागत / निजी विद्यालयहरुले सम्वन्धित निकायबाट पूर्व स्वीकृति तथा अनुमति विना नै अझै पनि कक्षा सञ्चालन गरिरहेको तथा विद्यार्थी भर्ना भईरहेको जनगुनासो कार्यालयमा प्राप्त हुन आएकोले यस विषय प्रति कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ । यसै सन्दर्भमा श्री जिल्ला प्रशासन कार्यालय, सर्लाहीवाट सम्वन्धित पालिका क्षेत्रभित्र अनाधिकृत र अनियमित रुपमा सञ्चालनमा रहेको विद्यालयलाई अनुगमन गरी नियमन गर्नु गराउनु हुन भनि मिति २०८३/०१/१६ गते जारी भएको निर्देशन, श्री शिक्षा विकास तथा समन्वय इकाइ,सर्लाही, मलंगवाको मिति २०८३/०१/१४ गते जारी पत्रानुसार, शिक्षा ऐन २०२८ को दफा ३ र शिक्षा नियमावली २०५९ को नियम ३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को ज को (२) वमोजिम सम्वन्धित निकायबाट पूर्व स्वीकृति तथा अनुमति बिना नै सञ्चालन गरिएका विद्यालयमा भर्ना भएका वा अध्ययनरत विद्यार्थीहरुको EMIS मा रजिष्ट्रेशन आई. डि. नहुने हुँदा अभिलेखिकरण नहुने, शैक्षिक प्रमाणपत्रको मान्यता नहुने र छात्रवत्ति तथा सेवा सुविधाबाट समेत वञ्चित हुने भएकोले अभिभावकहरु तथा सरोकारवालाहरु सवैमा जानकारी गराईन्छ।यसै सन्दर्भमा, आफ्ना वालवालिकाहरुलाई विद्यालय भर्ना गर्नु अघि वा भर्ना गराईसक्नु भएको भएता पनि तपसिल अनुसारका पक्षहरुमा समयमै अनिवार्य रुपमा ध्यान दिनु हुन अनुरोध छ ।

तपसिलः

जय किशोर शाह
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर, सर्लाही,
मधेस प्रदेश,नेपाल

पत्र संख्या:-२०८२/०८३ मितिः- २०८३/०२/२१

च. नं. १८५०

१ विद्यालयले तोकिएको कक्षा वा तह सञ्चालनका लागि सम्वन्धित निकायबाट पूर्व स्वीकृति तथा अनुमति लिए नलिएको,

२ विद्यालयको स्थापना दर्ता तथा सञ्चालनको लागि नियमानुसार तोकिएको मापदण्ड पूरा गरे नगरेको यकिन,

३ अनुमति विना वा अनुमति प्राप्त कक्षा भन्दा माथिल्लो कक्षा सञ्चालन गरेको पाईएमा वा आफ्नो विद्यालयमा पढाई अरु विद्यालयबाट परिक्षा दिन लगाउने र EMIS तयार गर्ने गराउने दुवै विद्यालयहरुलाई बन्द गरिनेछ साथै नियम विपरित विद्यार्थी भर्ना तथा विज्ञापनगर्ने विद्यालयहरुलाई नियमानुसार कडा कारवाही गरिने छ,

४ अतः यस पत्रको अवहेलना गरि सम्वन्धित निकायबाट पूर्व स्वीकृति तथा अनुमति विना नै सञ्चालन भएको विद्यालयमा भर्ना भई अध्ययन गर्ने विद्यार्थीहरुमा आईपर्ने कुनै पनि कानूनी व्यवधान वा समस्याको सम्पूर्ण जिम्मेवारी सम्वन्धित विद्यालय र स्वयं अभिभावक नै हुनु हुनेछ ।

**चन्द्रनगर गाउँपालिका क्षेत्रभित्र अनुमति प्राप्त सस्थागत/निजी विद्यालयहरु र कक्षा सञ्चालनको विवरणः**

| क स | विद्यालयको नाम र ठेगाना | तह | अनुमति प्राप्त कक्षा | कै |
|---|---|---|---|---|
| १ | श्री सूर्योदय इङ्गलिश बोर्डिंग स्कुल, चन्द्रनगर - ०२ | आधारभूत | ६ | |
| २ | श्री मोडर्न इङ्गलिश बोर्डिंग स्कुल, चन्द्रनगर - ०३ | आधारभूत | ६ | |
| ३ | श्री आदित्य ज्ञानकुन्ज इङ्गलिश बोर्डिंग स्कुल, चन्द्रनगर-०४ | आधारभूत | ५ | |
| ४ | श्री अनमोल इङ्गलिश बोर्डिंग स्कुल, चन्द्रनगर - ०५ | आधारभूत | ५ | |
| ५ | श्री रामज्ञान मन्दिर इङ्गलिश बोर्डिंग स्कुल, चन्द्रनगर - ०२ | आधारभूत | ५ | |
| ६ | श्री नमोदित इङ्गलिश मिडियम बोर्डिंग स्कुल,चन्द्रनगर - ०३ | आधारभूत | १ | |
| ७ | श्री जय कला इङ्गलिश बोर्डिंग स्कुल, चन्द्रनगर - ०७ | आधारभूत | २ | |

जय किशोर साह
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

चन्द्रनगर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चन्द्रनगर, सर्लाही,
मधेस प्रदेश,नेपाल

पत्र संख्या:-२०८२/०८३ मिति:- २०८३/०२/२१

च. नं. १८५०

| | | | | |
|---|---|---|---|---|
| ८ | श्री युनिक इङ्गलिश बोर्डिंग स्कुल, चन्द्रनगर - ०३ | आधारभूत | २ | |
| ९ | श्री जानकी इङ्गलिश बोर्डिंग स्कुल, चन्द्रनगर - ०२ | आधारभूत | २ | |
| १० | श्री दुर्गा सरस्वती इङ्गलिश बोर्डिंग स्कुल, चन्द्रनगर - ०६ | आधारभूत | २ | |
| ११ | श्री सत्य सागर एकेडेमी इङ्गलिश बोर्डिंग स्कुल, चन्द्रनगर - ०२ | आधारभूत | २ | |
| १२ | श्री फ्युचर एकेडेमीक इङ्गलिश बोर्डिंग स्कुल,चन्द्रनगर - ०१ | आधारभूत | १ | |
| १३ | श्री डि. एन. इङ्गलिश बोर्डिंग स्कुल, चन्द्रनगर - ०१ | आधारभूत | २ | |
| १४ | श्री लकरियाबाबा इङ्गलिश बोर्डिंग स्कुल, चन्द्रनगर - ०५ | आधारभूत | १ | |

२०८३।०२।२१

जय किशोर साह
प्रमुख प्रशासकीय अधिकृत

जय किशोर साह
प्रमुख प्रशासकीय अधिकृत

CamScanner